"पूर्वी क्षेत्रको व्यापारिक द्वार, शान्ति र सम्बृद्धिसहितको भद्रपुर नगर"

# भद्रपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा
कोशी प्रदेश, नेपाल

## विद्युतीय दरभाउपत्र (E-Bid) आह्वान सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशन मिति २०८०।०९।०४**

यस भद्रपुर नगरपालिका कार्यालयका लागि आवश्यक तपसिल बमोजिमका सामानहरु यस नगरपालिका कार्यालयलाई आवश्यक परिमाणमा तोकिएको मिति र समयमा न.पा.कार्यालयमा आपूर्ति गर्न चाहने नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म, कम्पनी तथा सप्लायर्सहरुले फर्म दर्ताको प्रमाण पत्र , मूल्य अभिवृद्धि कर (VAT) दर्ता भएको प्रमाण-पत्र, आ.व.०७९।०८० सम्मको कर चुक्ता प्रमाण-पत्र तथा निर्माण कम्पनीको आधिकारीक प्रमाण पत्र सहित विद्युतिय माध्यमवाट दरभाउपत्र पेश गर्न १५ (पन्ध्र) दिने सूचना प्रकाशित गरिएकोले तपसिलको शर्तहरुको अधिनमा रहि विद्युतीय दरभाउपत्र प्रक्रियामा सहभागि हुन सम्बन्धित सबैको जानकारीको लागी यो सुचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| क्र.सं. | सामानको विवरण | इकाई | परिमाण | धरौटी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | **सडक बत्तीमा प्रयोग हुने विद्युतीय सामग्रीहरु (एल.ई.डी बल) मात्र** | थान | ४,५००(चार हजार पाँच सय) | ४७,५००।०० | |

१) दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति र दस्तुर :- २०८०।०९।१९ गते १२.०० दिनको समयसम्म, रु.१,०००।- एक हजार मात्र (फिर्ता नहुने गरी) । विद्युतिय दरभाउ-पत्र दाखिला गर्दा यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको नं.२२१०१००३०१०१०००३ **(कार्यालय कोड नं.८०१०१११२) मा** रु. १,०००/- जम्मा भएको बैक भौंचर दाखिला गरी खरिद गनुपर्नेछ ।

२) दरभाउपत्र फाराम दाखिला गर्ने मिति, समय :२०८०।०९।१९ गते दिनको १२.०० बजे सम्म।

३) दरभाउपत्र फाराम खोल्ने मिति, समय :-२०८०।०९।१९ गते दिनको १.०० बजेपछि, भद्रपुर न.पा.कार्यालयमा ।

४) उक्त दिनहरुमा सार्वजनिक बिदा पर्न गएमा सोको भोलीपल्ट अथवा कार्यालय खुलेको दिन सो कार्य हुनेछ ।

५) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

६) आफूले पेश गरेको दरभाउपत्रको दर मूल्य अभिवृद्धि कर बाहेकको पेश गर्नु पर्नेछ ।

७) दरभाउपत्र फाराममा दर रेट भर्दा अंक र अक्षर दुवैमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको दर रेट फरक परेमा अक्षरमा लेखिएको दर रेटलाई मान्यता दिइनेछ।

C:\Users\admin\Desktop\Laptop\Jinsi dept\letters in long pad for notice_goods.doc

कार्यालय प्रमुखः ०२३–५२०७८१, नगर प्रमुखः ५२०१४८, नगर उप–प्रमुखः ५२००९५, Fax: 00977-23-520781
४ नं. वडा समितिको कार्यालयः ५२०८४३, ५ नं. वडा समितिको कार्यालयः ५२३९५५, ६ नं. वडा समितिको कार्यालयः ५२४२९०
७ नं. वडा समितिको कार्यालयः ४५३९२७, ८ नं. वडा समितिको कार्यालयः ५२३१३८, ९ नं. वडा समितिको कार्यालयः ४५२३५९
१० नं. वडा समितिको कार्यालयः ४५२०८२

८) दरभाउपत्र फाराम पेश गर्दा सो साथ कार्यालयले माग गरे अनुसारको धरौटी रकम यस न.पा.कार्यालयको नाउँमा राष्ट्रिय वाणिज्य बैंक, भद्रपुर शाखामा रहेको धरौटी खाता नं.२२१०१००३०३००००००३ (**कार्यालय कोड नं.८०१०१११२**) मा जम्मा गरी सक्कलै बैंक भौचर सामेल राखी पेश गर्नु पर्नेछ । दरभाउपत्र स्वीकृत भएको निर्धारित समय भित्र सम्झौता गर्न नआएमा धरौटी जफत गरिनेछ ।

९) रितपूर्वक पेश नभएको, म्याद भित्र दर्ता नभएको र शर्त राखी पेश भएका दरभाउपत्र फारामहरुलाई मान्यता दिइने छैन ।

१०) दरभाउपत्र स्वीकृत भएपछि नगरपालिका कार्यालयबाट सम्झौताका लागि बोलाइएको मिति (म्याद)मा उपस्थित भई सम्झौता गर्नु पर्नेछ । समयमा उपस्थित नभई सम्झौता नगरेमा यस कार्यालयमा उक्त कामका लागि राखिएको धरौटी जफत गरी ठेक्का तोड्न सकिनेछ ।

११) दरभाउपत्रमा(कार्यालय बाट स्वीकृत स्पेसिफिकेशन अनुसारको) उल्लेख भए बमोजिम कम्पनी तथा ब्राण्डको मालसामान बाहेक अन्य मालसामान न.पा.ले स्वीकार गर्ने छैन ।

१२) सामान आपूर्ति गर्दा प्याकेजिङ्गमा सामानको कम्पनि नाम, ब्राण्ड र स्पेसिकिफेकन अनुसार हुनु पर्छ ।

१३) तोकिएको समयमा तोकिएको परिमाणको उल्लेखित कम्पनी र ब्राण्डको मालसामान सप्लाई नगरेमा तथा वारेन्टी भएको सामानहरु सामान फिर्ता बुझेको मितिले ७(सात) दिनभित्र सामान फिर्ता दिई सक्नु पर्नेछ अन्यथा न.पा.ले ठेक्का तोडी धरौटी जफत गर्नेछ ।

१४) विद्युतीय सामग्रीहरु (एल.ई.डी बल सामानको बिल भुक्तानी गर्दा नियामनुसार रि-टेन्सनमनि बापतको रकम कट्टा गरिनेछ ।

१५) सामानको नमूना पेश गर्नु पर्नेछ ।

१६) विद्युतीय सामग्रीहरु आपूर्ति गरिने परिमाणको २० (बीस) प्रतिशत सामान थप गरि आपूर्ति गर्नुपर्नेछ, , सोको बिल रिप्लेसमेन्ट हुने सामनमा मिलान गरिनेछ ।

१७) सामान आपूर्ति गर्दा लाग्ने भाडा सामान आपूर्तिकर्ता स्वयंले बेहोर्नु पर्नेछ ।

१८) नेपाल सरकारलाई बुझाउनु पर्ने आय कर तथा अन्य कुनै पनि कर बुझाउनु परेमा आपूर्तिकर्ता स्वयंले बुझाउनु पर्नेछ । न.पा.जवाफदेही हुने छैन ।

१९) नेपाल सरकारलाई बुझाउनु पर्ने सम्पूर्ण करहरु बुझाई फरफारक लिई आएपछि मात्र उक्त कामका लागि राखिएको धरौटी रकम फिर्ता दिइनेछ ।

२०) दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार न.पा.मा सुरक्षित रहनेछ ।

२१) यस शर्त र बन्देज भित्र नपरेका कुराहरु प्रचलित ऐन, नियम बमोजिम हुनेछ ।

२२) विस्तृत जानकारीका लागि न.पा.कार्यालयको जिन्सी शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

...................................
(सुनिल निरौला)
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

C:\Users\admin\Desktop\Laptop\Jinsi dept\letters in long pad for notice_goods.doc